## नेपाली राजनीतिमाः आदिवासी जनजाति महिला

बम कुमारी बुढा मगर

### परिवेशः

बहुजातीय बहुभाषिक, बहुसांस्कृतिक संरचना भएको नेपालको भू-राजनैतिक अवस्थाको कारणले पनि आदिवासी जनजातिहरुको पहुँचमा समेत ठुलो असर परेको छ । दक्षिण तर्फ खुल्ला सिमाना तथा यातायात र संचारको सुविधा भए पनि त्यस भेगमा अवस्थित आदिवासी जनजातीहरु कमैयाको अवस्थामा समेत पुगेका छन् । उत्तर तर्फ अवस्थितहरुले राज्यको सूचना समेत पाउन नसकेका र बीच भागमा अवस्थितहरु चाँहि राज्य संचालन शक्तिबाट दिनदिन उपेक्षित हुदैं गएको बास्तविक्ता हाम्रो सामु छ । नेपाल कुनै देशको राजनैतिक उपनिवेशमा परेन, तर मानसिक उपनिवेशमा यहाँका अदिबासी जनजातीहरुलाई पारिएको छ । जसबाट मुक्ति पाउन लामो समय लाग्ने देखिन्छ । सम्रग अदिबासीको सवाललाई विश्लेषण गर्ने हो, भने मातृ सत्तात्मक परम्परा हुदा हुदैं पनि राज्यको मुल नीति निर्देशक सिद्धान्त अनुसार महिलाहरु अवसरबाट बढी बन्चित हुनु परेको हो । आदिवासी जनजाति महिलाले विगत देखि वर्तमासम्म आफ्नो सवाल नै नउठाए पछि, राजनैतिक सहभागीता भएको छ, भन्ने हो कि होईन ? यही नै आजको सोच्नु पर्ने तड्कारो विषय हो ।

### वर्तमान राजनीतिक अवस्था

२०४६सालको परिवर्तनले सर्वभौम शक्ति जनतामा प्रप्त भएको भए पनि आफ्नो सार्वभौमिता जनताले कत्तिको महसुस गरेका छन् र प्रत्येक्ष रुपमा सहभागिता जनाएका छन्, भन्ने मुलभुत विषय थियो । परिवर्तन पुर्व उठाईएका मुख्य सवाल र पछि चलाईएका कार्यक्रम तालमेल भयो कि, भएन ? मुल्याङ्कनको विषय थियो । आदिबासी जनजातिहरुको साँस्कृतिक खानापिना मदिरा बारे उठाईएको सवाल त्यसबेला गम्भीर थियो र पछिसम्म यसको गम्भीर स्थिति भईरहने छ । नेपाललाई मदिरा सुख्खा क्षेत्र घोषणा गर्ने आवाज राजनीतिक दलका भाईचारा संगठन लगयतबाट उठाईए र सुख्खा क्षेत्र पनि घोषित गरिए, केही ठाउँहरुमा । तर उत्पादन कारखानाहरु भने बन्द भएन्न र कारखानाका मदिरा आपुर्ति गर्ने काम पनि भए । सरकारी पक्षबाट आर्थिक–समाजिक रुपान्तरण गरियो, भन्ने वकालत गरियो । सही रुपमा साँस्कृतिक जागरण भई आदिवासी जनजातिले आफ्नो भाषा साँस्कृति, मुल्य मान्याता प्रति सचेत रहेको अवस्थामा राजनीतिक शक्तिहरुले मनपरी कार्यक्रम चलाउन सक्थे त ? प्रारम्भ देखि सुशासनको थालनी भएको भए आज मुलुकले यो अवस्था भोग्नु पर्ने थिएन ।

एकातिर संसदको दुईतिहाई मतले राष्ट्रिय महत्वका विषयमा निर्णय लिने भनिन्छ, अर्कोतिर जनसंख्याको अनुपातमा संसदको सिट निर्धारण गरिएको छ भने शहरी क्षेत्रमा काका, मामा, सम्धी, ज्वाई, नाताले विशेष पद लिने अनि मतदानमा आफ्नो हित हुने काम गर्ने । जब कि, दुर्गमका जनता तथा आदिवासी जनजाती बस्ती सधैं पछि पर्ने ? काठमाडौं, झापा, मोरङ्ग, नेपालगंजको प्रतिस्पर्धा मनाङ, मुस्ताङ, डोल्पा, हुम्लाले कहिले गर्ने ? नेपालको सन्तुलित विकाश बारे गुरु योजना कहिले तयार हुने ? समग्रमा मुलुकको राजनीतिक अवस्था बारे बीचार गर्दा २०४६सालको संविधान निर्माण अन्तरगत महिला संसदहरुको अध्ययनबाट उपस्थितिले आदिवासी जनजाती महिलाको संख्या अध्ययन यसरी गर्न सकिन्छ ।

२०४८–२०५१

| सि.नं. | नम, थर | जिल्ला र क्षेत्र | निर्वाचन हुँदा सम्बद्ध दल |
|---|---|---|---|
| १. | श्रीमती उमा अधिकारी | पर्वत २ | ने. का. |
| २. | श्रीमती थममाया थापा | स्याग्दी १ | ने.क.पा. एमाले |
| ३. | श्रीमती मीना पाण्डे | सर्लाही २ | ने.का. |
| ४. | सुश्री मैयादेवी श्रेष्ठ | गोरखा २ | ने.का. |
| ५. | श्रीमती लीला कोइराला | धनुषा २ | ने.का. |
| ६. | सुश्री शैलजा आचार्य | मोरङ्ग ५ | नें का. |
| ७. | श्रमती सहाना प्रधान | काठमाण्डौ-४ | ने. क.पा. एमाले |
| ८. | श्रमती विद्यादेवी भण्डारी | काडमाण्डौ-१ | ने. क.पा. एमाले |

**२०५१ – २०५५**

| सि.नं. | नम, थर | जिल्ला र क्षेत्र | निर्वाचन हुँदा सम्बद्ध दल |
|---|---|---|---|
| १. | श्रीमती कमला देवी पन्त | गेरखा २ | ने. का. |
| २. | श्रीमती मीना पाण्डे | सर्लाही २ | ने. का. |

| | | | |
|---|---|---|---|
| ३. | श्री लिला श्रेष्ठ(सुब्बा) | सुनसरी १ | ने.क.पा. एमाले |
| ४. | श्रीमती लीला कोइराला | धनुषा २ | ने.का. |
| ५. | सुश्री शैलजा आचार्य | मोरङ्ग ५ | नें का. |
| ६. | श्रमती सहाना प्रधान | काठमाण्डौ-६ | ने. क.पा. एमाले |
| ७. | श्रमती विद्यादेवी भण्डारी | काठमाण्डौ-२ | ने. क.पा. एमाले |

**२०५६–२०५९**

| सि.नं. | नम, थर | जिल्ला र क्षेत्र | निर्वाचन हुँदा सम्बद्ध दल |
|---|---|---|---|
| १. | श्रीमती कमला देवी पन्त(आचार्य) | गेरखा २ | ने. का. |
| २. | श्री उर्मिला अर्याल | पर्सा ४ | ने. क. पा. एमाले |
| ३. | श्रीमती काशी पौडेल | बर्दिया १ | ने. का. |
| ४. | श्री कुन्ता शर्मा | सुनसरी १ | ने. क.पा.एमाले |
| ५. | अष्टलक्ष्मी शाक्य(बोहरा) | काठमाडौं ६ | ने. क.पा.एमाले |
| ६. | श्रीमती चित्र लेखा यादव | सिराहा २ | ने. का. |
| ७. | श्री तीर्था गौतम | रुकुम २ | ने. क.पा.एमाले |
| ८. | श्रीमती रेणु कुमारी यादव | सप्तरी ३ | रा. प्र.पा. |
| ९. | श्रीमती विद्यादेवी भण्डारी | काठमाडौ २ | ने.क.पा. एमाले |
| १०. | श्रीमती सावित्री बोगटी(पाठक) | चितवन १ | ने. का. |
| ११. | श्री सुशीला नेपाल | ललितपुर १ | ने. क.पा. एमाले |
| १२. | सुश्री सुशीला स्वाँर | कैलाली १ | ने. का. |

**राष्ट्रिय सभा**
**२०४८– २०६४**

| सि.नं. | नम, थर | जिल्ला | पदावधि | निर्वाचन हुंदाको सम्वद्ध दल | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्रीमती अष्टलक्ष्मी शाक्य(बोहरा) | सिन्धुपाल्चोक | ०४८–०५० | ने.क.पा. एमाले | |
| २. | श्रीमती चेतकुमारी दाहाल | झापा | ०४८–०५२ | ने. का. | |
| ३. | श्रीमती सुशिला शर्मा | प्यूठान | ०४८–०५४ | ने.का. | |
| ४. | श्रीमति दुर्गा कुमारी भट्टराई | नवलपरासी | ०५०–०५६ | ने.का. | |
| ५. | श्री शान्ता मानवी | अर्धखाची | ०५२–०५८ | ने.क.पा. एमाले | |
| ६. | श्रीमती शारदा पोखरेल | मोरङ | ०५२–०५८ | मनोनित | |
| ७. | श्रीमती शिलुप्यारी मुल्मी कर्माचार्य | काठमाडौ | ०५२–०५८ | ने.का. | |
| ८. | श्रीमती थममाया थापा | स्याग्दी | ०५६–०५८ | ने.क.पा. एमाले | बाँकी अवधीको लागी निर्वाचित |
| ९. | श्री चन्दा शाह | बारा | ०५४–०६० | रा.प्र.पा. | |
| १०. | श्रीमती गोमा देवकोटा | सिन्धुली | ०५४–०६० | ने.क.पा. एमाले | |
| ११. | श्रीमती गौरा कोईराला | बाँके | ०५६–०६० | ने.क.पा. एमाले | बाँकी अवधीको लागि निर्वाचित |
| १२. | श्रीमती अम्बिका पन्त(चापागाई) | बारा | ०५६–०६२ | ने.का. | |
| १३. | श्रीमती विश्वेश्वरा दाहाल | झापा | ०५६–०६२ | ने.क.पा. एमाले | |
| १४. | सुश्री मैया देवी श्रेष्ठ | चितवन | ०५८–०६४ | ने.का. | |
| १५. | श्रीमती याङ्गीला शेर्पा | सोलुखुम्बु | ०५८–०६४ | मनोनित | |
| १६. | श्री श्रीमाया थकाली | मुस्ताङ | ०५८–०६४ | ने.क.पा. एमाले | |

*श्रोतः– संसद सचिवालय, सिंहदरबार*

यसरी निर्वाचित तथा मनोनित हुने महिला संसदहरुमा जनजाति प्रतिशत क्रमशः २०४८–२०५१मा ३७.५०प्रतिशत , २०५१–२०५५मा २८.५५ प्रतिशत, २०५६–२०५९मा ८.३३ प्रतिशत र राष्ट्रिय सभामा पुरै अवधि ३१.२५प्रतिशत अदिबासी जनजाति देखिन्छ भने, दलित महिलाको उपस्थिति शुन्य छ । आदिवासी जनजाति वस्तीमा आरक्षित महिला सदस्य समेत गैर आदीवासी जनजाति महिलाको उपस्थिति देखिन्छ । आदिवसी जनजाति महिला किन राजनितीमा सहभागी हुन सकेका छैनन् ?

भन्ने विषयमा जातीय संगठनहरुले मुल्याङ्कन गरी चिरफार गर्ने बेला आएको छ । प्रायः भन्ने गरीन्छ , "विशुद्ध सामाजिक विकासका लागि खोलिएका संघ–महासंघमा राजनैतिक गन्ध आउनु हुँदैन" । संघ–महासंघहरुमा पनि राजनैतिक बहसहरु हुनु पर्दछ । किन कि देशको बारेमा जान्न हरेक नागरिकको कर्तव्य हुन्छ । आज मुलुक असहज परिस्थितिमा गुज्रिरहेको छ । आदिवसी जनजातिहरु ठूलो संख्याद्वान्दमा सहभागी छन् । उनीहरुको संस्कृतिलाई चोट पुगेको छ । द्वन्द्वलाई सामान्य गराउन औपचारिक छलफल गरेको देखिन्छ , तर यथार्थमा प्रभावित समुदायमा विशेष पहल भने भएको देखिंदैन । कुनै एक समस्या समाधन गर्नु पहिले संभावित आउने समस्याको निर्क्यौल गरेर मात्र शान्ति कायम हुन सक्दछ । राजनैतिक शक्तिहरुलाई आदिवासी जनजातिय संगठनहरुले उचित सुझाव बेलैमा दिनुपर्छ । आदिवसी जनजाति सिमान्तकृत कतिपय संघहरुमा महिला कार्यकर्ताको अभाव रहेको देखिन्छ, तर अवसरबाट बञ्चित रहेका जातिहरुमा बढीउत्सुक कार्यकर्ता भए तापनि, पितृसत्तात्मक हिन्दूवादी सिको गर्ने  सोचले महिलालाई निरुत्साहित गर्ने चलन आफै भित्र हामीमा पनि रहेको छ ।

महिला भनेका पतिका सेवक, चरणका दास भन्ने हिन्दु संस्कृतिको प्रभाव परेको हाम्रो समग्र सोचमा अझ थप समस्या आदिवसी जनजाति महिलाको पिठयूमा भारी र अगाडी बच्चा दिनभरी १८–२० घण्टा शारीरिक परिश्रम गर्ने परम्परा कहिले पनि नहट्ने हो भने, राज्यले उनी प्रति हेर्ने शैली र उनीहरुले राज्य प्रति सोच्ने राष्ट्रवादी चिन्तन सहजै तालमेल हुन सक्छ ? प्रश्न उठने विषय हो । भनिन्छ, हिन्दु संस्कृतिमा पनि बैदिक काल लिङ्ग भेदरहित समाज थियो । पछि गएर मात्र नारीको स्थान तल पारिदै गयो । आदिवसी जनजातिको परम्परा मात्रृ सत्तात्मक छ, विवाहित छोरीको साथ कुल देवता जाने, मृत्यु पछि पुनः जन्मघरको कुलमा आत्मा मिलाई दिने आदि विभिन्न जातीमा  नारी प्रधान मुल्य मान्यता हामीमा परम्परागत रुपमा हुँदा हुँदै तत्काल बनाईने नियम कानुनको निर्देशनले हाम्रो स्थानलाई पछाडि धकेलेको छ, भन्ने कुरा स्वयं आदिवसी जनजाति नारीले नबुझेसम्म, अग्रसर भई विद्रोही नभएसम्म माथिको तथ्याङ्कमा अझ ह्रास भएर शुन्यमा पुग्ने छ । उपरोक्त तथ्याङ्क नेवार जातीका महिलाहरुको सहभागिता देखिन्छ र अन्य जाति नगन्या रुपमा रहेको छ । जबसम्म कमैया परिवारका महिला तथा देह व्यापारको शिकारबाट पिडित महिलाहरु समेत देशको राजनैतिक शक्तिमा समावेश हुने स्वयं प्रयत्न गर्दैनन् अनि आफ्नो स्थितिलाई आफै संस्लेषण तथा विश्लेषण गरी अगाडी नवढेसम्म सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक सम्पूर्ण विकास होला भन्ने आशा कोरा चिन्तन मात्र हुनेछ । शामदाम, दण्ड, भेद नीतिको कुटिल चाल चलाउने ब्राह्मण जातका महिला संविधानमा ५ प्रतिशत आरक्षण कोटामा केही विजयी भएका छन् र आदिवासी जनजातिलाई माथि नै उल्लेख गरेको छु, मानसिक उपनिवेशमा लामो समयसम्म छाप पारेर देशमा भएका विभिन्न परिर्वतनमा नयाँ रणनीति तयार गरी आदिवासी जनजातिहरुलाई पछाडि पार्ने, ध्वस्त बनाउने काम २०१७ र २०४६साल पछि श्रृङ्खलाबद्ध रुपमा ethinic हस्तक्षेप भएको छ ।

२०४७ सालको संविधान मस्यौदा समितिमा राखिएका एकजना गरैजनजाति महिला सदस्यलाई हटाई सकेपछि तत्कालिन पविर्तनकारी शक्तिले अर्को महिला सदस्यको नाम समावेश गर्न सकेन । अर्थात मस्यौदा समितिमा महिलाको पहुँच पुगेन । देशमा चलिरहेको असहज राजनीतिको निकास बारेमा सोंच भईरहेको छ । संविधान सभा बारे सडक देखि कोठासम्म नै मुल विषय बनेको छ । यस बारे जनतालाई प्रशिक्षित गराउनु पर्ने हो, तर अधिकांश आदिवासी जनजातिले त्यस बारे चिन्ता गरेको देखिदैन र महिलाहरु अझ उदासिन देखिन्छन् । राज्यको मुल नीति नै राजनीति भएको हुंदा यसबारे बुझ्न र सचेत हुन जरुरी छ । सबै खाले बिचार राख्ने व्याक्तिहरुको साझा मन्च संध–महासंघ हो, भन्ने यथार्थ व्यवहार हुनु पर्दछ । संघ–संस्थाले व्याक्तिको नेतृत्व विकास गर्दछ र सही नेतृत्व समाजलाई खाँचो पर्दछ । यो देशका आदिवासी जनजाति महिला राष्ट्र चलाउने हैसियतमा हुन सक्दैन्न भन्ने हिन भावना रहिरहयो भने, हाम्रो समुदाय र सिङ्गो राष्ट्रले हामी महिलासंग खास आशा राख्नु पर्ने नै के देखिन्छ र ? उच्च शिक्षा ग्रहण गर्नु भएका तथा स्थानीय नेतृत्वमा क्रियाशील आदिवासी जनजाति साथीहरु हरेकले आफ्नो क्षमता र बुद्धिले भ्याएसम्म राज्यको नीति नै राजनीति हो, भन्ने भावना लिइ यसमा सहभागी हुन आ–आफ्नो स्थानबाट सरिक रहनु पर्छ भन्ने अठोट गरौं, त्यस पछि प्रशस्त सहभागिता भएको खण्डमा मात्र केही सफलता हात लाग्दछ । पानी ल्याउन गाग्री बोकेर लाईनमा बस्नु पर्छ, नकि घरैमा पानी आफै आई पुग्छ । काम सिद्धिसकेपछि असन्तुष्टी व्यक्त गर्नु, मृगले डाँडाँ काटेपछि धनु उकाले जस्तै हो भन्ने कुरा जानिराख्नु पर्दछ ।

खेम्दा